प्रस्तावहरु:

१. विशेष गाउँसभा सम्बन्धमा।

२. कार्यालय विविध।

निर्णयहरु:

निर्णय नं. १: प्रस्ताव नं. १ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिका जुम्लाले आर्थिक वर्ष २०८१।०८२ को मिति २०८१ साल भाद्र २५ गतेदेखि २०८१ साल असोज ५ गतेसम्म सञ्चालन गरिएको गोठिचौर प्याराग्लाइडिङ्ग महोत्सव २०८१, उपाध्यक्ष कप भलिबल प्रतियोगिता र खुला महिला देउडागित प्रतियोगिता सञ्चालन गर्नका लागि आवश्यक पर्ने बजेटको लागि मिति २०८१ साल भाद्र २५ गते बसेको कार्यपालिका वैठकको निर्णय नं. २ मा भएको निर्णय बमोजिम उक्त कार्यक्रमको लागि आवश्यक पर्ने बजेट व्यवस्थापन गर्नको लागि मिति २०८१ साल भाद्र १३ गते बसेको कार्यपालिका बैठकको निर्णयबाट गुठिचौर गाउँपालिकाको १८ औं गाउँसभाबाट स्वीकृत वजेट संशोधन गरी प्रत्येक बजेट शिर्षकबाट १५ प्रतिशतका दरले घटाई यथार्थ बजेट रु. ४०१३४९००० (चालीस करोड तेह लाख उन्पचार हजार मात्र) को सीमाभित्र रही संशोधन गर्न र अन्य बजेट योजनाहरुको स्वीकृत बजेट रकमान्तर र शिर्षकान्तर गर्नको लागि मिति २०८१ साल असोज १४ गते गुठिचौर गाउँपालिकाको १९ औं विशेष गाउँसभा आह्वान गरी स्वीकृतिका लागि संशोधित बजेट तथा कार्यक्रम उक्त सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. २: प्रस्ताव नं. २ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिका जुम्लाको लागि आर्थिक वर्ष २०८१।०८२ मा संघीय सरकारबाट प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि रु २७२२००० (सत्ताईस लाख बाईस हजार) र युवा रोजगारका लागि रुपाण्तरण पहल योजनाका (रोजगारी सृजना आई डि ए) को लागि रु. ३००४००० (तीस लाख चार हजार) मध्यबाटे यस गाउँपालिका अन्तर्गतका तपशिलका वडाहरुलाई निम्न बमोजिमको रकम बाँडफाँड गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिल

| वडा नं. | बिनियोजित बजेट | बजेट शिर्षक |
|---|---|---|
| १ | रु. ११००००० | आइ डि ए |
| २ | रु. ११००००० | आइ डि ए |
| ३ | रु. ८००००० | आइ डि ए |
| ३ | रु. ३००००० | नेपाल सरकार |
| ४ | रु. १२२६००० | नेपाल सरकार |
| ५ | रु. १२००००० | नेपाल सरकार |
| जम्मा रकम | ५७२६००० | |

निर्णय नं. ३: प्रस्ताव नं. २ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिका जुम्लाको आर्थिक वर्ष २०८१।०८२ मा स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारबाट यस गाउँपालिका अन्तर्गतका सञ्चालन हुने सम्पूर्ण योजनाहरू मध्ये नयाँ ट्र्याक खुलाउनु पर्ने भएमा ठेक्का प्रक्रियाबाट योजना सञ्चालन गर्ने र अन्य योजनाहरुको सम्बन्धमा प्राविधिकहरुलाई सम्बन्धित योजना कार्यान्वयन क्षेत्रमा पठाई प्राविधिकको फिल्ड प्रतिवेदनको आधारमा उपभोक्ता समितिबाट गर्नु पर्ने देखिएमा उपभोक्ता समितिबाट र ठेक्का प्रक्रियाबाट सञ्चालन गर्नु पर्ने भएमा ठेक्का प्रक्रिया खरिद प्रक्रिया अगाडी बढाउने सर्वसम्त निर्णय गरियो।

<u>बैठक संख्या:६</u>

मिति: २०८१।०६।११

समय : विहान ११:०० बजे

स्थान : गुठिचौर गाउँपालिका जुम्ला

माथि उल्लेखित मिति, समय र स्थानमा गुठिचौर गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर बुढा ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा गुठिचौर गाउँपालिकाको कार्यपालिका बैठक बसी निम्न बमोजिम निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर बुढा | गाउँपालिका अध्यक्ष | |
| २ | श्री शान्ति कुमारी मल्ल भण्डारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री अर्जुन कुमार महतारा | वडा नं. १ वडा अध्यक्ष | |
| ४ | श्री दिप बहादुर ऐडी | वडा नं. २ वडा अध्यक्ष | |
| ५ | श्री ईन्द्र बुढा | वडा नं. ३ वडा अध्यक्ष | |
| ६ | श्री टिकादत्त न्यौपाने | वडा नं. ४ वडा अध्यक्ष | |
| ७ | श्री कमल बहादुर महत | वडा नं. ५ वडा अध्यक्ष | |
| ८ | श्री देउराम नेपाली | कार्यपालिका सदस्य | |
| ९ | श्री बसन्ती बुढा | कार्यपालिका सदस्य | |
| १० | श्री गोइलु कामी | कार्यपालिका सदस्य | |
| ११ | श्री वास्मती कामी | कार्यपालिका सदस्य | |
| १२ | श्री नन्दरुपा न्यौपाने | कार्यपालिका सदस्य | |
| १३ | श्री मनिषा खरेल | सदस्य सचिव | |
| आमन्त्रित तथा सहयोगि कर्मचारीहरु | | | |
| १ | श्री गंगा प्रसाद पाण्डे | अधिकृत छैटौं | |
| २ | श्री ध्रुवराज गिरी | अधिकृत छैटौं | |
| ३ | श्री प्रेम बहादुर शाही | कम्प्युटर अपरेटर | |
| ४ | श्री जयराज कुमाई | आर्थिक शाखा प्रमुख | |
| ५ | श्री धन राम देवकोटा | डा. प | |
| ६ | श्री | | |